राष्ट्र निर्माणमा एउटै संकल्प विद्युत र सौर्य ऊर्जा पहिलो विकल्प
राष्ट्रिय साप्ताहिक
विद्युत संसार
Bidhut Sansar
National Weekly

विद्युत संसार अनलाईन
Scan Now

वर्ष ८ | अंक १९ | पूर्णाङ्क ३४७ | १३ भदौ २०८०, बुधवार | www .bidhutsansar .com | WEDNESDAY, 30 AUG, 2023 | पृष्ठ ८ | मूल्य: रु.१५

# लगानी बोर्डले चार जलविद्युत् परियोजनाका लागि रु ३६ अर्ब ३७ करोड लगानी स्वीकृत

विद्युत संसार संवाददाता

**काठमाडौं, भदौ ।** लगानी बोर्डले चार जलविद्युत् परियोजनाका लागि रू ३६ अर्ब ३७ करोड बराबरको लगानी स्वीकृत गरेको छ ।

शुक्रबार बोर्डका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको बैठकले २२ मेगावाटको रोल्वालिङ्ग खोला, ६३ मेगावाटको छुजुङ्ग खोला, ४९.९५ मेगावाटको दाना खोला र ४४.५२ मेगावाटको सानीभेरी जलविद्युत् परियोजनाका लागि लगानी स्वीकृत गरेको हो ।

बैठकमा प्रधानमन्त्री दाहालले आगामी दिनमा जलविद्युत् परियोजनाको लागत निर्धारण गर्दा 'ब्यांकेबल' (बैंकले लगानी गर्नसक्ने) हुने गरी थप अध्ययन/विश्लेषण गर्न, कार्यान्वयनमा रहेका परियोजना समयमा सम्पन्न गर्न आवश्यक समन्वय प्रगाढ बनाउन र लगानी स्वीकृति र परियोजना कार्यान्वयनमा रहेका प्रक्रियालाई छोट्याउँदै छिटोछरितो र परिणाममुखी कार्यसम्पादन गर्न सम्बन्धित सबै निकायलाई निर्देशन दिनुभयो ।



बैठकले तमोर जलाशययुक्त जलविद्युत् परियोजना कार्यान्वयन अघि बढाउने सम्बन्धमा हालसम्मको विकासक्रमको समीक्षा गर्दै परियोजनाको भावी कार्यदिशासम्बन्धी सुझाव पेस गर्न उच्चस्तरीय समिति गठन गर्ने निर्णय गरेको छ ।

दाङको राजपुर गाउँपालिकामा दुई सय ४५ मेगावाट र २० मेगावाट ब्याट्री क्षमताको सौर्य ऊर्जा परियोजना अध्ययनका लागि डोल्मा हिमालयन इनर्जीलाई अध्ययन अनुमतिपत्र दिने निर्णय पनि बैठकले गरेको छ ।

बाँकेको कोहलपुर र कपिलवस्तुको वाणगङ्गामा २५० मेगावाटको सौर्य ऊर्जा विकासका लागि अध्ययनकर्ता रिसेन इनर्जी कम्पनी लिमिटेडबाट पेस भएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई बोर्डले जानकारीमा लिएको छ ।

बोर्डले माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको सम्बन्धमा सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयनका लागि मन्त्रिपरिषद् समक्ष प्रस्ताव बाँकी पृष्ठ ७ मा...

INTERNATIONAL EXHIBITION FOCUSSED ON
ELECTRIC, POWER, LIGHTS, ELECTRONICS & ELECTRIC VEHICLES
2nd NEPAL ELECTRIC, POWER AND LIGHTS INTERNATIONAL EXPO
Nepal Consumer Electronics & Home Appliances expo
NEPAL EV INTERNATIONAL SHOW
Infused with E-Mobility Technology
JOINTLY ORGANIZED BY
mediaspace Futurex EVMIAN




Marketed in Nepal by:
Him Electronics Pvt .Ltd .
For Corporate Inquiry: Narayan Chaur, Naxal, Kathmandu, Tel: 01-5909999

वर्ष ८ /अंक १९ / पूर्णाङ्क ३४७ / बुधबार १३ भदौ २०८०

विद्युत संसार

## सम्पादकीय

# गुणस्तरीय विद्युत अवको योजना

नेपाल विद्युत प्राधिकरणले अघिल्लो हप्ता उत्साहपूर्ण रूपमा आफ्नो ३८ औँ वार्षिकोत्सव मनाएको छ । मुलुकलाई ऊर्जामा आत्मनिर्भर बनाउँदै आम उपभोक्तालाई नियमित, भरपर्दो र गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराई स्वदेशमा खपत हुन नसकी बढी भएको विद्युत् निर्यात गर्ने दिशामा नेपाल विद्युत् प्राधिकरण क्रियाशील भएर लागेको छ । लोडसेडिङको अन्त्य, भारतमा विद्युत् निर्यात तथा केही ठूला आयोजना अगाडि बढाइरहेको प्राधिकरणलाई यतिबेला नियमित र गुणस्तरीय विद्युत् प्रवाह गर्नुपर्ने आवश्यकता छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नै गुणस्तरीय र भरपर्दो विद्युत् सेवा प्रवाहका कारण वितरण प्रसारण प्रणालीको निर्माण, सबस्टेशनको निर्माण तथा आधुनिकीकरण प्रमख प्राथमिकतामा रहेको बताउदै आउनुभएको छ । लगातार बढ्दै गएका ग्राहकलाई गुणस्तरीय र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउनुपर्ने दायित्व तथा औद्योगिकीकरणमा जोड दिनुपर्ने आवश्यकता बीच प्राधिकरणले अझै जिम्मेवार भएर नयाँ योजना र कार्यक्रम अगाडि बढाउनुपर्नेछ ।

सरकारको लक्ष्य अनुसार आगामी दुई वर्षभित्र मुलुकभर प्रत्येक नेपालीको घरदैलोमा विद्युतको पहुँच पुर्याउन वितरण प्रणाली विस्तार गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी प्राधिकरणले आवश्यक प्रक्रिया अगाडि बढाएको छ । त्यस्तै काठमाडौँ लगायत मुख्य सहरमा आगामी ३० वर्षको बढ्दो विद्युत् मागलाई लक्षित गरी पर्याप्त साधरण तथा वितरण संरचना निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाएको छ त्यसबाट सन् २०५० सम्मको विद्युत् माग धान्ने मात्र नभई विद्युत्को गुणस्तर वृद्धि तथा नियमित विद्युत् आपूर्तिमा सहयोग पुग्ने प्राधिकरणको विश्वास छ ।

प्राधिकरणको प्रणालीमा कूल जडित क्षमता दुई हजार आठ सय २२ मेगावाट बराबर पुगेको छ भने हाल करिब चार सय ५० मेगावाट विद्युत् छिमेकी देश भारतमा निर्यात भइरहेको छ । नेपालको विद्युत स्वादेशमा नै खपत हुननसक्दा प्राधिकरण निर्यातसम्मको अवस्था सम्म आइपुग्दा देशको विद्युत गुणस्तरमा प्रश्न उढ्ने गर्दछ किनकी पिक आवरमा विद्युत ट्रिपिङ्ग हुने समस्याबाट उपभोक्ता हैरानी बेहोर्दा प्राधिकरण प्रति उपभोक्ताको गुनासो आउने गरेको छ । यस्ता विषयलाई समाधान गर्न प्राधिकरणले विद्युत प्रणालिमा नै सुधार गर्न आवश्यक छ ।

विद्युतको खपत बढी हुने गरेको र सोही मात्रामा भोल्टेज नपुगेकाले बेलाबेला विद्युत अवरूद्ध हुने गरेको प्राधिकरणको बुझाई रहेको छ । प्राधिकरण र सरकारले नेपालमा उत्पादन भएको विद्युत स्वदेशमा नै खपतका योजना बनाउँदै गर्दा उपभोक्तालाई यस्तो समस्या भइरहदा खपत बढ्नुको साटो घट्ने हुन्छ किनकी विद्युत ट्रिपिङ्ग जस्ता समस्याले उपभोक्तामा नैराश्यता छाउने हुन्छ । अहिले नेपालमा पर्याप्त मात्रामा विद्युत् उत्पादन भए पनि प्रसारण लाइन र सबस्टेसन पर्याप्त नभएकाले आपूर्तिमा समस्या हुनेगरेको छ । अहिले उपत्यकाका तीन जिल्लामा १० वटा मात्र सबस्टेसन छन् । यो पर्याप्त मात्रमा छैन् । यस्ता समस्या दीर्घकालिन रूपमा समस्या समाधान गर्न प्राधिकरणले आवश्यकता सबस्टेसनहरु थप्ने र विद्युत प्रणालीमा सुधार गर्नुपर्ने नितान्त आवश्यक रहेको छ ।

# वदलिदो ऊर्जा विकास



**राम प्रसाद पौडेल**

देश विकासको लागि एउटा महत्वपूर्ण मानिएको विद्युत विकास नेपालको सन्दर्भमा उच्च मानिदै आएको छ । हाम्रो अहिलेको परिवेशमा विकासको मुख्य र सजिलो माध्यम भनेकै जलविद्युतको विकास हो । विद्युत विकासबारे लामो समय देखि छलफल चलिरहेको भए पनि काममा भने सुस्तता भएको महसुस हुनेगरेको छ । सरकारले ऊर्जा विकास लागि अगाडि सारेका विभिन्न योजनाहरूको लक्ष्य भेटाउन योजना बद्धरूपमा काम नगरे लक्ष्यहरू पूरा गर्न कठिन प्रायः छ । अन्य विकासलाई अघि बढाउन पनि विद्युतकै आवश्यकता पर्छ । आवश्यक विद्युत उत्पादन गरेर विदेशबाट आयात गरिने पेट्रोलियम पदार्थको मात्रा घटाउन सके मात्रै पनि ठूलो राहत मिल्नेछ ।

हाल राष्ट्रिय ग्रीडको पहुँचबाट ९५ प्रतिशत र साना तथा लघुजलविद्युत् आयोजना एवं सौर्य विद्युतबाट तीन प्रतिशत गरी जम्मा ९८ प्रतिशत जनताले विद्युत् सेवा प्राप्त गरिरहेका छन् । अब प्राधिकरण गुणस्तरीय र भरपर्दो विद्युत् सेवा प्रवाहका कारण वितरण प्रसारण प्रणालीको निर्माण, सबस्टेशनको निर्माण तथा आधुनिकीकरण प्राधिकरणको प्रमुख प्राथमिकतामा रहेको छ ।

ठूला र बहुउद्देश्यीय जलशययुक्त जलविद्युत परियोजना अगाडि बढाउने बिजुली निर्यातका लागिसमेत स्पष्ट लक्ष्यसाथ सरकार अघि बढिरहेको छ ।

सरकारले नेपालको जलविद्युत् विकासका लागि योगदान पुऱ्याइरहेको निजी क्षेत्रको उत्पादित विद्युतसमेत खरिद गरिरहेको प्राधिकरणले आफैं वा आफ्ना सहायक कम्पनी मार्फत आगामी दिनमा विद्युत् उत्पादन क्षेत्रमा सशक्त र अग्रणी भूमिका निर्वाह गर्ने सरकारले विश्वास लिएको छ । यस्ता विषयले साच्चै देशको ऊर्जा विकासमा ठूलो भुमिका खोल्ने थियो । लगानी बोर्डको शुक्रबार बसेको बैठकले चार जलविद्युत् परियोजनाका लागि रू ३६ अर्ब ३७ करोड बराबरको लगानी स्वीकृत गरेको छ । बोर्डका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको बैठकले रोल्वालिङ खोला, छुजुङ खोला, दाना खोला र सानीभेरी जलविद्युत् परियोजनाका लागि लगानी स्वीकृत गरेको हो । जसले नेपालको विद्युत विकासका योजनाहरूलाई सफलता दिन अझ सहयोग गर्ने छ ।




नेपाल विद्युत प्राधिकरणको सञ्चित नाफा रू ३६ अर्ब ६७ करोड बराबर पुगेको छ । सार्वजनिक संस्थानहरूमध्ये धेरै नाफा कमाउने थोरै संस्थाहरूमध्ये प्राधिकरण अब्बल देखिएको छ । पछिल्ला दुई वर्षमा प्राधिकरणले वितरण तथा प्रसारण प्रणालीका लागि मात्रै रू ४८ अर्ब बराबरको लगानी आन्तरिक स्रोतबाट गरेको छ । प्राधिकरणको प्रणालीमा कूल जडित क्षमता दुई हजार आठ सय २२ मेगावाट बराबर पुगेको छ । प्राधिकरणले कूल आठ हजार ५२ मेगावाट बराबरको विद्युत् खरिद बिक्री सम्झौता गरेको छ । यसरी हेर्दा सार्वजनिक संस्था पनि उपयुक्त र सक्षम व्यक्तीले नेतृत्व गरेमा नाफामा जानसक्छ भन्ने एउटा ठूलो उदाहारण प्राधिकरणले दिएको छ ।

नेपालको विद्युत निर्यातले पनि ठूलो सफलता पाउने तर्फ उन्मख भइरहेको छ । हाल करिब ४ सय ५० मेगावाट विद्युत् निर्यात भइरहेको छ । विद्युत् निर्यातलाई १० वर्षमा १० हजार मेगावाटसम्म पुऱ्याउने गरी द्विपक्षीय सम्झौतामा नेपाल र भारतबीच प्रारम्भिक हस्ताक्षर भइसकेको छ । यसै वर्षायामभित्र नेपाल–बङ्गलादेश विद्युत् व्यापार सुरु हुने गरी नेपाल, भारत र बङ्गलादेशका सम्बन्धित निकायबीच सम्झौता हस्ताक्षरको अन्तिम तयारी भइरहेको छ । अन्तरदेशीय प्रसारण संरचनाको निर्माणमा त्रिपक्षीय समझदारी जुटाई उल्लेख्य परिमाणमा नेपाल–बङ्गलादेश विद्युत् व्यापारलाई भविष्यमा क्रमशः बढवा दिँदै लैजाने परिस्थिति बनेको तथा आगामी महिनामा हुने चीन भ्रमणमा ऊर्जा क्षेत्रका सम्बन्धमा दूरगामी र महत्वपूर्ण सम्झौता हुने विश्वास सरकारको छ ।

पाएका उपलब्धीहरूलाई अंगाल्दै नेपालले अबको योजना विद्युत् ऐन, विद्युत् नियमन आयोग, जग्गा प्राप्ति, सार्वजनिक खरिद, विदेशी मुद्रामा आधारित विद्युत् खरिद-बिक्री सम्झौता गर्ने नीतिगत व्यवस्था लगायत जलविद्युत् विकाससँग प्रत्यक्ष जोडिने कठिनाईहरूलाई कानुनी व्यवस्था परिमार्जन गरी जलविद्युत् विकासमैत्री बनाइनु नितान्त आवश्यक छ ।

## जहाँ तपाई त्यहाँ विद्युत संसार



तपाईंको टोलछिमेकमा भएका विद्युत सम्बन्धि कार्यक्रम, विद्युतीय गतिविधि,भएका छन् भने हामीलाई निम्न ठेगानामा सम्पर्क गर्नुहोला । साथै यस साप्ताहिकलाई लेख रचना, साहित्यिक सिर्जना पनि पठाउन सक्नुहुने छ ।

उक्त लेख रचना विद्युत संसार साप्ताहिकका साथै अनलाइन माध्यम www.bidhutsansar.com मा प्रकाशित गर्ने छौ

विद्युत संसार

**हाम्रो ठेगाना**

विद्युत संसार, अभि मिडिय प्रोडक्सन प्रा. लि.,बागदरवार,काठमाडौँ
फोन. ०१-५३४४८१४, E-mail:bidhutsansar@gmail.com,

## प्रसारण लाइन निर्माणमा प्राधिकरणको प्राथमिकतामा

# नौ वर्षमा तीन हजार किलोमिटर प्रसारण लाइन निर्माण

विद्युत संसार संवाददाता

**काठमाडौं, भदौ ।** ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रसारण लाइन निर्माणलाई महत्वका साथ अगाडि बढाएको जनाएको छ । कार्यान्वयन गर्ने निकायका रूपमा रहेको नेपाल विद्युत प्राधिकरणले प्रसारण लाइन निर्माणलाई प्राथमिकतामा राखेको जनाएको छ ।

नेपालको विद्युत् प्रसारण प्रणालीमा विगत नौ वर्षमा तीन हजार एक सय १८ किलोमिटर सर्किट प्रसारण लाइन थपिएको प्राधिकरणको भनाइ छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले प्रसारण लाइन निर्माणलाई तीव्रगतिमा अगाडि बढाउन र त्यसमा देखिएका समस्या समाधानका लागि प्रभावकारी रूपमा क्रियाशील हुन प्राधिकरण र सम्वद्ध निकायलाई निर्देशन दिनुभएको छ । लोडसेडिङको अन्त्यपछि विद्युतीकरण र उपभोक्तालाई पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिलाई उच्च प्राथमिकतामा राखी काम गरिरहेको प्राधिकरणले प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार र सुधारलाई व्यापक रूपमा अगाडि बढाएको छ ।

विगत नौ वर्षमा ग्रीड सबस्टेसनको क्षमता आठ हजार आठ सय ६७ एमभिए पुगेको छ । नौ वर्षअघि अर्थात् आर्थिक वर्ष २०७१/७२ मा सबस्टेसनको क्षमता दुई हजार एक सय ३२ एमभिए मात्र रहेकोमा आव २०७९/८० मा आइपुग्दा सबस्टेसनको क्षमता छ हजार सात सय ३५ एमभिए बढेको हो ।

आव २०७१/७२ मा ६६ र एक सय ३२ केभीबाट मात्र विद्युत् प्रसारण भइरहेकोमा अहिले ६६, १३२, २२० र ४०० केभी लाइन सञ्चालनमा छन् । आव २०७१/७२ मा दुई हजार छ सय २४ सर्किट किलोमिटर प्रसारण लाइनमा रहेकोमा हाल तीन हजार एक सय १८ सर्किट किलोमिटर थपिएर आव २०७९/८० मा पाँच हजार सात सय ४२ सर्किट किलोमिटर पुगेको छ ।



आव २०७२/७३ सम्म ६६ र एक सय ३२ केभी लाइन मात्र प्रसारण लाइन रहेकोमा आव २०७३/७४बाट २२० र ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएका हुन् । अहिले प्रणालीमा ६६ र १३२ केभी प्रसारण लाइनको लम्बाइ क्रमशः पाँच सय १४ र तीन हजार नौ सय ७९ सर्किट किलोमिटर छ । यसैगरी, दुई सय २० र चार सय केभी प्रसारण लाइनको लम्बाइ क्रमशः एक हजार एक सय एक र एक सय ४८ सर्किट किलोमिटर छ । आव २०७५/७६ मा सबैभन्दा बढी अर्थात छ सय छ सर्किट किलोमिटर प्रसारण लाइन थपिएको छ भने आव २०७४/७५ मा सबैभन्दा कम एक सय ४१ सर्किट किलोमिटर लाइन थपिएको छ । गत आवमा चार सय १३ किलोमिटर सर्किट किलोमिटर प्रसारण लाइन प्रणालीमा थपिएको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राविधिक कारणले समय–समय विद्युत् गएको भन्ने उपभोक्ताको गुनासोलाई सम्बोधन गर्न तथा पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिका लागि विगतका वर्षबाट प्रणालीका पूर्वाधार संरचनाको सुधार र सुदृढीकरणलाई योजनावद्ध रूपमा अगाडि बढाएर कार्यान्वयन लगिएको बताउनुभयो । कार्यकारी निर्देशक घिसिङले प्रसारण लाइनका आयोजना निर्माणमा मुख्य रूपमा स्थानीयवासीको अवरोध, जग्गा प्राप्ति र वन क्षेत्रको जग्गा उपभोग तथा रूख कटानमा समस्या रहेका र ती समस्यालाई समाधान गर्दै आयोजनाको काम भइरहेको उल्लेख गर्नुभयो ।

सन् २०५० सम्मको विद्युत् माग धान्ने गरी काठमाडौँ लगायतका देशका प्रमुख सहरलाई ११ वटा 'क्लस्टर'मा विभाजन गरी प्रसारण तथा सबस्टेसन संरचनाको गुरुयोजना तयार पारिएको उल्लेख गर्दै घिसिङले यसका लागि स्रोत जुटाई क्रमिकरूपमा निर्माण अगाडि बढाइने बताउनुभयो ।

साथै, तराई/मधेसका दक्षिण क्षेत्रमा औद्योगिक तथा सहरी क्षेत्र विस्तारलाई ध्यान दिई हुलाकी राजमार्गको आसपासबाट ४००, २२० र १३२ केभी पूर्व–पश्चिम प्रसारण लाइन निर्माण प्रारम्भ गरिएको उहाँले उल्लेख गर्नुभयो ।

प्राधिकरणका अनुसार, हाल विभिन्न क्षमताका दुई हजार आठ सय ५२ सर्किट किलोमिटर प्रसारण लाइन निर्माणाधीन छन् । विभिन्न क्षमताका १० हजार चार सय ६९ एमभिए क्षमताका सबस्टेसन निर्माणाधीन छन् भने १५ हजार पाँच सय ६४ एमभिए क्षमताका सबस्टेसन निर्माण प्रस्ताव गरिएको छ ।

## महानगरको ६५ करोड ४२ लाख बढी राजस्व सङ्कलन

विद्युत संसार संवाददाता

**काठमाडौं, भदौ ।** काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षको साउनमा ६५ करोड ४२ लाख ३० हजार ३७९ रुपियाँ राजस्व सङ्कलन गरेको छ ।

गत आर्थिक वर्ष २०७९/८० को यसै अवधिमा ४५ करोड नौ लाख ८९ हजार ३३६ रुपियाँ राजस्व सङ्कलन भएको थियो । गएको वर्षभन्दा यस वर्षको पहिलो महिनामा २० करोड ३२ लाख ४१ हजार ४३ रुपियाँ धेरै राजस्व सङ्कलन भएको महानगरको राजस्व विभाग प्रमुख ध्रुवकुमार काफ्लेले जानकारी दिनुभयो महानगरको आ.व. २०७७/०७८ देखि राजस्व सङ्कलनको अङ्क क्रमशः बढ्दो क्रममा छ । प्राप्त राजस्वमध्ये सबैभन्दा धेरै घर बहाल करबाट ३१ करोड ६० लाख १८ हजार २२८ रुपियाँ प्राप्त भएको छ । यसपछि ठूलो रकम प्राप्त हुने शीर्षक सम्पत्ति कर हो । उहाँले यसमा १२ करोड




५८ लाख ४८ हजार ७७३ रुपियाँ प्राप्त भएको जानकारी दिनुभयो । अन्य राजस्व शीर्षकहरूमा भूमिकर, व्यक्तिगत आन्तरिक अनुदान, सेवा शुल्क, न्यायिक दस्तुर, नक्सा पास दस्तुर, पार्किङ् शुल्क, सिफारिस दस्तुर लगायत छन् । यस्तै, प्रशासनिक दण्ड, जरिवाना र जफत, पर्यटन शुल्क, धरौटी ,बेरूजु लगायत हुन् ।

## बञ्चरेडाँडामा फोहोर फाल्न नदिने स्थानीयको चेतावनी

विद्युत संसार संवाददाता

**काठमाडौं भदौ ।** काठमाडौं उपत्यकाको फोहोर पुनः रोकिने संकेत देखिएको छ । बञ्चरेडाँडा ल्याण्डफिल साइट प्रभावित क्षेत्र सरोकार समितिले सोमबार पत्रकार सम्मेलन गरी यसअघि भएका सहमति पालना नभए असोज १ देखि फोहोर फाल्न नदिने चेतावनी दिएका छन् ।

समितिका संयोजक श्रीराम ढुंगानाले हाम्रो मुख्य माग भनेको नै मान्छे र फोहोर एकै ठाउँमा बस्न मिल्दैन भन्ने हो त्यसैले अब बञ्चरेडाँडामा फोहोर लैजान रोक्ने बताउनुभयो । माग पूरा नगरे असोज १ देखि फोहोर रोक्ने र सरकारले जबर्जस्ती गरे १० हजार मान्छे टुँडिखेल उतार्ने सरोकार समितिले बताएको छ । 'धादिङ र नुवाकोटको १० हजार मान्छेलाई यहाँको प्रहरी प्रशासनले कुन–कुन जेलमा कतिदिन राख्छ हामी हाम्रा छोरा र नातिहरूका लागि त्यो सामना गर्छौं', संयोजक ढुंगानाले भने । ल्याण्डफिल साइट प्रभावित क्षेत्रलाई विशेष सम्वेदनशील क्षेत्र घोषणा गर्नुपर्ने, प्रभावित क्षेत्रलाई अधिग्रहण गरेर मानव बस्तीरहित हरियाली क्षेत्र कायम गर्नुपर्ने,




अस्पतालजन्य, विषादीजन्य र औद्योगिक फोहोरमैला फाल्न नपाइने स्थानियहरूको माग छ ।

काठमाडौं उपत्यकाको फोहोर नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनिबेंशी नगरपालिकाको सिमानामा पर्ने बञ्चरेडाँडामा फाल्ने गरिएको छ । स्थानीय बासिन्दाले बेला बेलामा आन्दोलन गरे पनि अस्थायी समाधान खोजेर फोहोर फाल्ने गरिएको छ ।

# गण्डकीमा ९८ प्रतिशत घरमा बिजुली, उज्यालो प्रदेश घोषणा यसै वर्ष

**कास्की, भदौ ।** गण्डकी प्रदेशमा आधुनिक ऊर्जाको पहुँच विस्तार गरी प्रदेशलाई उज्यालो प्रदेश घोषणाका लागि सरकारले काम अघि बढाएको छ ।

प्रदेशमा विद्युतको पहुँच नपुगेका दुई हजार आठ सय ८४ घरधुरीमध्ये बागलुङको ढोरपाटन नगरपालिकाका तीन सय ९१ घरधुरीमा विद्युत् विस्तारको काम सुरु भएको छ । बाँकी घरमा समेत यसै वर्षभित्र विस्तार गरिसक्ने ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयको तयारी छ । ऊर्जा तथा जल स्रोतमन्त्री सरस्वती अर्याल तिवारीका अनुसार ढोरपाटन नगरपालिका-६ छेन्तुङका ती घरमा घरेलु सौर्य ऊर्जा जडान सुरूआत गरिएको र मङ्सिरभित्र बत्ती बल्नेछ ।

अहिलेसम्म करिब ९८ प्रतिशतको पहुँचमा बिजुली पुगेको बताइन्छ । मन्त्रालयमा एक सय दिनमा भएका गरेका कार्यप्रगति आज सार्वजनिक गर्न आयोजित कार्यक्रममा मन्त्री अर्यालले नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा प्रदेशभर आधुनिक ऊर्जा विस्तार गरिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "उज्यालो गण्डकी प्रदेश यथाशीघ्र घोषणाका लागि सङ्घ सरकारसँग समेत सहकार्य गरेका छौँ । विद्युत् प्राधिकरणको बिजुली विस्तार हुन सम्भव ठाउँसम्म बिजुली पुर्‍याउने छौँ, प्राधिकरणले विस्तार नगर्ने ठाउँमा हामी सोलार बत्ती भए पनि पुर्‍याउँछौँ ।"

मन्त्रालयले पानीका लागि घण्टौँसम्म डोकोमा गाग्री बोक्नुपर्ने बाध्यता




हटाइने जनाएको छ । एक गाग्री पानीका लागि बिहानभर पालो पर्खनुपर्ने बाध्यता हटाउनका लागि अभियानका रूपमा एक घर एक धारा कार्यक्रम सञ्चालन गरिने मन्त्री तिवारीले बताउनुभयो ।

मन्त्रालयले प्रदेशका ११ वटै जिल्लाका स्थानीय तहलाई परिपत्र गरी आफ्नो पालिकामा पानीको स्रोत अभावले समस्या भएका ठाउँको पठाउन आग्रह गरेको थियो । स्थानीय तहले पठाएका आधारमा डोकोमा गाग्री बोक्नुपर्ने बाध्यता हटाउनका लागि यस वर्ष बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ ।

"पानीको अभाव भएका ठाउँमा यस वर्ष योजना दिएका छौँ", मन्त्री तिवारीले भन्नुभयो, "जतिसक्दो छिटो आधारभूत खानेपानीको समस्या समाधान हुन्छ । डोकोमा गाग्री बोकेर अब हिँड्नुपर्दैन ।" चालु वर्षमा सिँचाइ तथा नदी नियन्त्रणतर्फ रू १० लाखभन्दा कम बजेट विनियोजन नगरिएको मन्त्री अर्यालले बताउनुभयो । विगतका वर्षमा रू दुई लाखसम्मका योजनासमेत कार्यान्वयन गरिएको भन्दै उहाँले यस वर्ष त्यस्ता टुक्रे योजनालाई निरूत्साहित गरिएको जानकारी दिनुभयो ।

मन्त्रालयले दुई सय ४० लिफ्टिङ आयोजनाका लागि रू दुई करोड अनुदान दिएको जनाएको छ । त्यसैगरी गत वर्ष १७ हजार तीन सय ४८ घरधुरीमा निजी धारा जडान गरिएको र ९० हजार दुई सय जनसंख्या लाभान्वित भएका छन् । ऊर्जा मन्त्रालयले गत वर्ष ८५ दशमलव ४४ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयका सचिव इन्जिनियर डा सन्तोष कैनीले बताउनुभयो । उहाँका अनुसार गण्डकीका अन्य मन्त्रालयमध्ये धेरै वित्तीय प्रगति हासिल भएको छ । रासस

## सामान्य ज्ञान

४५६ मेगावाटको माथिल्लो तामाकोशी आयोजनाको प्रवर्द्धक कम्पनी कुन हो ?

➢ **अपर तामाकोशी हाइड्रोपावर लि.**

जनताको जलविद्युत कार्यक्रमको शुभारम्भ कहिले भएको थियो?

➢ **वि.स २०७५ फागुन ०२ गते**

पाँचथर जिल्लामा रहेको काबेली बि १ जलविद्युत आयोजनाको क्षमता कति रहेको छ ?

➢ **२५ मेगावाट**

सिक्टा सिंचाई आयोजनाले बाँके जिल्लाको कति हेक्टर जमिनमा सिंचाई गर्ने भएको छ ?

➢ **४२,७०० हेक्टर**

कुलेखानी तेस्रोको जलविद्युत आयोजनाको उत्पादन क्षमता कति छ ?

➢ **१४ मेगावाट**

कुलेखानी तेस्रोको जलविद्युत आयोजना कुन जिल्लामा पर्दछ ?

➢ **मकवानपुर**

दिशा नाप्ने कम्पासको सियो के बाट बनेको हुन्छ ?

➢ **स्थायी चुम्बक**

एक २०० वाट क्षमताको बत्ती १०० भोल्टको सर्किटमा जोडिएको छ भने बत्तिले कति करेन्ट खपत गर्दछ ?

➢ **२ एम्पीयर जहाँ (I=P÷V)**

१०० भोल्टको विद्युत परिपथमा प्रति घण्टा १० एम्पीयर खपत गर्ने एउटा मोटरले कति वाट पावर खपत गर्दछ ?

➢ **१०० वाट (जहाँ P=VxI)**

एम्पीयर भन्नाले के बुझिन्छ ?

➢ **विद्युत धाराको मात्रा**

विद्युतीय मोटरहरूलाई कुन बेला धेरै करेन्ट लिन्छ ?

➢ **स्टार्ट गर्दा**

कन्ट्याक्टर के हो ?

➢ **इलेक्ट्रोम्याग्नेटक स्वीच**

सिङ्गलफेज मिटर ग्राहकको घरमा जडान गर्दा भुईदेखि न्युनतम दुरी कति हो ?

➢ **१.५ मिटर**

डायोडले के काम गर्दछ ?

➢ **विद्युतधाराको दिशा एकतर्फी बनाउँछ ।**

स्वीचयार्ड भन्नाले के बुझिन्छ ?

➢ **सवस्टेशन**

गोबर ग्याँस निकाल्न प्रयोग हुने सुरक्षित ट्याङ्कीलाई के भनिन्छ ?

➢ **गोबर ग्याँस प्लान्ट**

गोबर ग्याँसको अर्को नाम के हो ?

➢ **मिथेन ग्याँस**

स्टेटर र रोटर बीच कति मि.मि एयर दुरी हुन्छ ?

➢ **१ मि.मि**

फेस र न्युट्रल आपसमा शर्ट भयो भने के हुन्छ ?

➢ **अत्याधिक मात्रामा करेन्टको मात्रा बढ्दछ**

अर्थ ग्राउण्ड हटाउनके गर्नु पर्छ ?

➢ **अर्थिङ**

*C.B* कस्तो साधन हो ?

➢ **उत्पन्न बढी करेन्ट रोक्ने**

४ घन मिटरको वायो ग्याँस प्लान्टमा सुरूमा कति केजि गोवर भर्नु पर्छ ?

➢ **२०२५ के.जी**

गोवर विना नै ग्याँस निकाल्न सकिने अर्थात् गोवरको सट्टामा खेर गई रहेका घास, पात, फलफुल तरकारीका फोहोरहरू प्रयोग गरी ग्याँस उत्पादन गर्न सकिने प्रविधिलाई के भनिन्छ ?

➢ **पुक्सिन वायो ग्याँस**

विद्युतीय क्षेत्रमा राम्रो कुचालक सोल भएको जुत्ता किन लगाईन्छ ?

➢ **विद्युत झट्का हुनबाट तथा घाउ हुनबाट बच्न**

११ के. भि. लाईनमा कति के. भि डि ओ प्रयोग गरिन्छ ?

➢ **११ के.भि**

विद्युत संसार

| प्रहरी | फोन नं. |
|---|---|
| प्रहरी प्रधान कार्यालय | ४४११५४९ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९८, ४२२६९९९ |
| प्रहरी कन्ट्रोल | ११०, १२०, १३०, १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ५३६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५४२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१०२८४ |
| पर्यटक प्रहरी | ५३४७०४१ |

| प्रमुख जिल्ला अधिकारी | फोन नं. |
|---|---|
| काठमाडौं | ४२६२४७८,४२६२८२८ |
| ललितपुर | ५४२११६५, ५४२३०५१ |
| भक्तपुर | ६६१०२०१, ६६१०१०६ |

| वारुण यन्त्र | फोन नं. |
|---|---|
| काठमाडौं | ४२२३८९७, ४२२११७७, १०१ |
| ललितपुर | ५४२११११, १०१ |
| भक्तपुर | ६६१००४९, १०१ |

| सुरक्षा र एम्बुलेन्स | |
|---|---|
| दमकल | १०१ |
| प्रहरी कन्ट्रोल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी कार्यालय काठमाडौं | ५३६१९४५/५९०९७९० |
| जिल्ला प्रहरी कार्यालय भक्तपुर | ५४२१२०७ |
| जिल्ला प्रहरी कार्यालय ललितपुर | ६६१४८२१ |

| शववाहन र ट्याक्सी | |
|---|---|
| नेपाल चेम्बर अफ कर्मस | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४५९९२९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४५३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## काठमाडौ उपत्यका नोलाईटका फोन नम्बरहरु

| क्र.सं. | नाम | टेलिफोन नं. |
|---|---|---|
| १. | रत्नपार्क नोलाईट | ४१५३१६३/४ |
| २. | नक्साल नोलाईट | ४५२११३१ |
| ३. | खुँसीबु नोलाईट | ५३६८३२७ |
| ४. | बानेश्वर नोलाईट | ४५७४१६१ |
| ५. | चाबहिल नोलाईट | ४५७४१६४/४५९०८३० |
| ६. | गोकर्ण नोलाईट | ४८००१६४ |
| ७. | जोरपाटी नोलाईट | ५१३४०५५ |
| ८. | मुलपानी नोलाईट | ४१५३७०७ |
| ९. | डाँछी नोलाईट | ४४५११४० |
| १०. | जरसिँङ पौवा नोलाईट | ४२५६४९६ |
| ११. | साँखु नोलाईट | ४४५०७७० |
| १२. | महाराजगंज नोलाईट | ४३५७२१९/२६५ |
| १३. | टोखा नोलाईट | ५११००८० |
| १४. | बुढानिलकन्ठ नोलाईट | ४३७१७४९ |
| १५. | कुलेश्वर नोलाईट | ५३७२४०२/४ |
| १६. | बालाजु नोलाईट | ४९५०८९६ |
| १७. | बलम्बु नोलाईट | ४३१०५१८ । ४३१६५१३ |
| १८. | रामकोट नोलाईट | ४०३७५६६ |
| १९. | किर्तिपुर नोलाईट | ४३३०४२८ |
| २०. | फर्पिङ नोलाईट | ४७१००१७ |
| २१. | पुल्चोक नोलाईट | ५४२२०४३ |
| २२. | स्वयम्भु नोलाईट | ५५९०९६१ |
| २३. | लगनखेल नोलाईट | ५५२१३६५ |
| २४. | चापगाउँ नोलाईट | ५५७०५२६ |
| २५. | लुभु नोलाईट | ५५८०११२ |
| २६. | बाडे गाउँ | ५५६०५९५ |
| २७. | भक्तपुर नोलाईट | ६६१००६५ |
| २८. | खरीपाटी नोलाईट | ६६१४८६३ |
| २९. | ठिमी नोलाईट | ६६३०३१७ |
| ३०. | ददिकोट नोलाईट | ६६३०९१७ |
| ३१. | पुरानो ठिमी | ६६३७४८६ |

# जाजरकोटमा विद्युतीकरणका लागि नयाँ सवस्टेशन निर्माणका हुँदै तीन अर्बको नयाँ ठेक्का

**जाजरकोट, भदौ ।** जाजरकोटलाई विद्युतीकरण गर्नका लागि नयाँ सवस्टेशन निर्माणका लागिको काम अगाडी बढेको छ । जिल्लाको कुशे गाउँपालिकाको समाइला, पश्चिम जाजरकोटको वडावन लगायतका ठाउँमा नयाँ सवस्टेशन निर्माणका लागि रु तीन अर्बको नयाँ ठेक्का गरिएको हो ।

भेरी नगरपालिकाको कुदुमा नयाँ सवस्टेशन निर्माण भइसकेको छ । त्यस्तै पूर्वी जाजरकोटसहित तल्लो डोल्पासम्म विद्युतीकरण गर्नका लागि नलगाडको चोखामा सवस्टेशन निर्माण जारी रहेको नेपाल विद्युत प्राधिकरण जाजरकोटले जनाएको छ । बारेकोट, कुशे गाउँपालिकामा विद्युतीकरण गर्नका लागि समाइला सवस्टेशन निर्माण गर्न ठेक्का खोली कामको तयारी भइरहेको प्राधिकरणले जनाएको छ । पश्चिको छेडागाड, शिवालय र जुनिचाँदेमा विद्युतीकरण गर्नका लागि




वडावनको सवस्टेशनबाट काम हुने भएको छ भने चौखाको सवस्टेशन छ महिनाभित्र पूरा हुने प्राधिकरणले जनाएको छ । प्राधिकरणका प्रमुख अभिषेकराज कलवारले काम गर्ने जनशक्ति कम भएकाले केही प्रविधिक समस्या भएको बताउनुभयो । उहाँका अनुसार कुदु सवस्टेशनबाट रुकुमपश्चिम, जाजरकोट र सल्यानमा प्रसारण लाइन लिइएको छ । ३३ केभी प्रसारण लाइन तीन जिल्लामा पुऱ्याएको जनाइएको छ । चौखाको सवस्टेशन निर्माणपछि ताक्सुगाड जलविद्युत् आयोजनासँगै डोल्पाको जगदुल्ला जलविद्युत् आयोजना १०६ मेगावाटको निर्माणले निरन्तरता पाउने छ । १३२ केभी प्रसारण लाइन कोहलपुरबाट सिधैं सुर्खेतको मैनतडामा आठ महिनाभित्र पुग्ने लक्ष्य राखिएको छ । '१३२ केभी प्रसारण लाइनलाई जाजरकोटसम्म ल्याएमा मात्र विद्युत् सेवा दिगो हुने अपेक्षा प्राधिकरणको छ

चार सय केभी प्रसारण लाइनको लागि जाजरकोटको दानी पिपलबाट सुर्खेतको मैनतडासम्म प्रसारण तथा सवस्टेशनको काम यही आर्थिक वर्षमा गर्ने तयारी भइरहेको प्रमुख कलवारले जानकारी दिनुभयो । दुवै प्रसारण लाइन मैनतडामै जडान हुने प्राधिकरणले जनाएको छ ।

# औद्योगिक विकासका लागि पूर्वाधार निर्माण : अध्यक्ष ओली

विद्युत संसार संवाददाता

**मोरङ, भदौ ।** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले औद्योगिक विकासका लागि पूर्वाधार निर्माण आवश्यक रहेको बताउनुभएको छ । नेकपा एमालेको उद्योग, वाणिज्य तथा आपूर्ति विभागद्वारा शुक्रबार आयोजित 'वर्तमान आर्थिक अवस्था-समस्या समाधान' विषयक छलफल कार्यक्रममा उहाँले पूर्वाधार निर्माणबाट मुलुकमा औद्योगिक उत्पादन वृद्धि भई विकासको गतिले तीव्रता लिने विचार व्यक्त गर्नुभयो ।
उद्योगपतिको लगानी संरक्षण, उद्योगको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक सुझाव दिन आग्रह गर्दै उहाँले यस सम्बन्धमा सत्तापक्षसँग वार्ताको माध्यमबाट समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।
कार्यक्रममा विभागका अध्यक्ष पूर्वराज्यमन्त्री मोती दुगड, नेपाल उद्योग परिसङ्घका प्रदेश अध्यक्ष भीम घिमिरे, मोरङ व्यापार सङ्घका अध्यक्ष



नवीन रिजाल, उद्योग सङ्गठन मोरङका अध्यक्ष राकेश सुराना, किशोर प्रधान उद्यमीहरु विकास बेगवानी, महेश जाजु, ताराचन्द खतानलगायतले भ्रष्टाचार नियन्त्रण गरी उद्योगलाई राज्यले संरक्षकको भूमिका निभाउनेतर्फ पहल गर्नुपर्ने सुझाव दिनुभयो ।

# अर्थमन्त्री डा महत जिइएफको उपाध्यक्षमा निर्वाचित

विद्युत संसार संवाददाता

**काठमाडौं, भदौ ।** ग्लोबल इनभ्यारोमेन्ट फ्यासिलिटी (जिइएफ)को सातौं विश्व सम्मेलनको प्लेनरी सेसनले नेपालका अर्थमन्त्री डा प्रकाशशरण महतलाई उपाध्यक्ष पदमा निर्वाचित गरेको छ । शुक्रबार एसेम्वलीको जारी बैठकमा गणतन्त्र पानामाको प्रस्ताव तथा नेदरल्याडको समर्थनमा मन्त्री महत उपाध्यक्षमा निर्वाचित हुनुभएको उहाँको सचिवालयले जनाएको छ । यस अगाडि उहाँले विश्ववातावरण कोषको एसेम्वली बैठकलाई सम्बोधन गर्दै नेपालले कूल क्षेत्रफलको ४५ प्रतिशत वन संरक्षण गरी समग्र मानव समुदायका लागि स्वच्छ अक्सिजन प्रवाह भइरहेको बताउनुभयो । मन्त्री डा महतले दक्षिण एसियाका एक अर्बभन्दा बढी जनसंख्याका लागि पानीको श्रोत रहेको बिषय विश्व समुदायको ध्यानाकर्षण गराउनुभयो ।
वन तथा वन्यजन्य सम्पदा नेपालका लागि मात्र नभई विश्वमानव समुदायकै सम्पदाका रूपमा रहेको उल्लेख गर्दै मन्त्री डा महतले यस्ता प्रयास हुँदा हुँदै पनि नेपाल जलवायु परिवर्तनका दृष्टिकोणले उच्च जोखिममा परेको, नेपाल विश्वको १०औं जोखिमयुक्त



मुलुक भएको र पछिल्ला दिनमा बाढी, पहिरो अतिवृष्टि र सुख्खाका साथै हिमताल बिस्फोटको जोखिमसमेत बढेको छ भन्नुभयो ।
उहाँले नेपालको तापक्रम सन् २०३० सम्ममा सुन्ना दशमलव पाँचदेखि दुई डिग्री सेल्सियसले बढ्ने अनुमान रहेको र यसबाट हुने असर र प्रभावसँग सामना गर्न सन् २०५० सम्ममा ५० अर्ब अमेरिकी डलरभन्दा बढी लगानी आवश्यक रहेकोतर्फ सहभागी मुलुकको ध्यानाकर्षण गराउनुभयो ।

# अघिल्लो आर्थिक वर्षको तुलनामा इन्धन आयातमा कमी

**काठमाडौं, भदौ ।** भन्सार विभागको तथ्याङ्क अनुसार साउन महिनामा १७ अर्ब ७९ करोड ४३ लाख रूपियाँ बराबरको एक लाख ९१ हजार ७९६ किलोलिटर (पेट्रोल, डिजेल, मटितेल, ग्यास हवाई इन्धन) आयात भएको छ । अघिल्लो वर्षको तुलनामा २३ प्रतिशत इन्धन आयात कमी भएको हो ।
अघिल्लो वर्षको साउन महिनामा २१ अर्ब ९८ करोड रूपियाँको इन्धन आयात भएको थियो । बजारमा खपत कम हुँदा आयातमा कमी आएको हो । मुलुकमा देखिएको आर्थिक संकटका




कारण विकास निर्माणका काम कम हुँदा गत वर्षदेखि नै इन्धनको खपतमा कमी हुँदै आएको थियो ।
विभागका अनुसार साउन महिनामा सात अर्ब ३४ करोड ७१ लाख २५ हजार रूपियाँ बराबरको ७६ हजार ७१६ किलोलिटर डिजेल आयात भएको छ । पाँच अर्ब ४४ करोड ७० लाख ७६ हजार रूपियाँको ५६ हजार ९०१ किलोलिटर पेट्रोल आयात भएको छ । एक अर्ब १७ करोड ९४ लाख १० हजार रूपियाँको १२ हजार ५४८ किलोलिटर हवाई इन्धन आयात भएको तथ्याङ्क छ । यस्तै तीन अर्ब २२ करोड ८७ लाख रूपियाँ बराबरको ४५ हजार ६३१ मेट्रिक टन एलपी ग्यास आयात भएको छ । पेट्रोलियम पदार्थको आयातबाट सात अर्ब २८ लाख ५२ हजार रूपियाँ राजस्व सङ्कलन भएको छ ।

CHINT | Next
CHINT ELECTRIC series
The Next Reliable Choice
Marketed in Nepal by:
Him Electronics Pvt .Ltd .

# राजेश अग्रवालको नेतृत्वमा संघले पायो नयाँ कार्यसमिति

शिखर श्रेष्ठ

**मोरङ्ग भदौ ।** मोरङ्ग इलेक्ट्रिक संघले नयाँ कार्यसमिति पाएको छ । संघको शनिबार विराटनगरमा सम्पन्न १४ औं वार्षिक साधारण सभा एवं सातौ अधिवेशनबाट युवा व्यवसायी राजेश अग्रवालको नेतृत्वमा १५ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ । संघको अध्यक्ष पदमा निर्वाचन भएको थियो भने अन्य १३ पदमा निर्विरोध निर्वाचित भएको अध्यक्ष अग्रवालले बताउनु भयो ।



अध्यक्ष पदका लागि पूर्व प्रथम उपाध्यक्षद्वय राजेश अग्रवाल र उकेश अग्रवालको उम्मेदवार बिच निर्वाचन भएको थियो । निर्वाचन जम्मा १०३ जना व्यवसायी संघका सदस्यहरूले मतदानमा भाग लिएका थिए । जसमा २ भोट बदर भई राजेश अग्रवालले ६९ प्राप्त गरि निर्वाचित हुनुभएको हो भने उहाँको प्रतिद्वन्द्वी उकेश अग्रवालले २९ मत प्राप्त गर्दै पराजित भएको संघले जनाएको छ । प्रथम उपाध्यक्ष कैलाश विश्वास, द्वितीय उपाध्यक्ष विनिता दाहाल, महासचिवमा ज्ञानराज निरौला, सचिव राजन घिमिरे, कोषाध्यक्ष विमल बुढाथोकी निर्विरोध निर्वाचित हुनुभएको छ भने सदस्यहरूमा गौरव बंग, काशिन्द्र प्रसाद गुप्ता, मनिष मित्तल, दीपक कुमार जोशी, चन्दनकुमार रौनियार, अविन पोखरेल, बासुदेव घिमिरे, नवीन खनाल निर्विरोध निर्वाचित हुनुभएको हो ।

१४ औं वार्षिक साधारण सभा एवं सातौ अधिवेशन कार्यक्रममा प्रमुख अतिथी नेपाल विद्युतीय व्यवसायी महासंघका अध्यक्ष रेशम प्रसाद देवकोटा,अतिथीहरूमा नेपाल विद्युतीय व्यवसायी महासंघका पूर्व अध्यक्ष महेन्द्र कुमार राठी, नेपाल विद्युतीय व्यवसायी महासंघका बाग्मती प्रदेश संयोजक सरोज रेग्मी, नेपाल विद्युतीय व्यवसायी महासंघका कोशी प्रदेश संयोजक चन्द्र देवकोटा,उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुराना, नेपाल विद्युतीय व्यवसायी महासंघका महासचिव एवं मोरङ व्यापार संघका सदस्य गोपाल अग्रवाल, विराट व्यापार संघका प्रतिनिधी अशोक पोदार र विराट इलेक्ट्रिसियन संघका अध्यक्ष सुरेश पोदार लगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

# काठमाडौं ट्रान्जिट बनाएर नेपाल एयरलाइन्सले हङकङ र दिल्ली नियमित उडान सुरु

विद्युत संसार संवाददाता

भैरहवा, भदौ । राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सले भैरहवा स्थित गौतमबुद्ध विमानस्थलबाट काठमाडौं ट्रान्जिट बनाएर दुई गन्तव्य हङकङ र दिल्ली नियमित हवाई उडान सुरू गरेको छ ।

निगमले काठमाडौंलाई ट्रान्जिट बनाएर यहीं भदौ १२ गते (हिजो मंगलबार) देखि भैरहवा-काठमाडौं-हङकङ र भैरहवा-काठमाडौं-दिल्ली नियमित उडान भर्न सुरू गरेको हो ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंसराज पाण्डेले नेपाल एयरलाइन्सको विमान मलेसियाबाट साताको एक पटक भैरहवा आउने विमानमार्फत काठमाडौं हुँदै दिल्ली र हङकङको उडान सुरू गरिएको हो ।

मंगलबारको उडानमा भैरहवा विमानस्थलबाट कुनै पनि यात्रु विमानमा नचढेको पाण्डेले जानकारी दिनुभयो । हङकङ जाने यात्रुलाई काठमाडौं हुँदै गन्तव्यमा पुर्‍याइन्छ भने दिल्ली जाने यात्रुलाई काठमाडौं विमानस्थलमा कनेक्टिङ फ्लाइटमार्फत गन्तव्यमा पठाइन्छ । यात्रुको सुविधाका लागि चेक इन गर्दाकै बखत गन्तव्यसम्मकै बोर्डिङ पास दिने र लगेज सिधै गन्तव्यमा लिने व्यवस्था मिलाइएको निगमले जनाएको छ । यात्रुहरूले निगमको कार्यालय वा निगमको वेबसाइटमा लगइन गरी अनलाइन टिकट लिन सक्नेछन् ।

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्ने कार्य तदारूकताका साथ गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसंगको समन्वयमा निगम व्यवस्थापनले विशेष पहल गरी उडान सुरू गर्ने निर्णय गरेको हो ।

नेपाल वायुसेवा निगमले मलेसिया-भैरहवा रूटमा थत जेठ ३० गतेबाट उडान सुरू गरेको थियो । त्यसयता निगमले उक्त रूटमा १२ वटा उडान गरिसकेको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल विसं २०७९ जेठ २ गतेबाट सञ्चालनमा आएको हो ।

## पोखरामा व्यावसायिक उडान भर्दै भुटानको 'ड्रुक एयर'

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भुटानको 'ड्रुक एयर'ले व्यावसायिक उडान गर्ने भएको छ । ड्रुकले भुटानको पारो इन्टरनेश्नल एयरपोर्टबाट पोखरा अन्तर्राष्ट्रिय उडान भर्ने भएको हो ।

नागरिक उड्डयन प्राधिकरणका अनुसार उक्त एयरले पोखरादेखि पारोमा हप्तामा ७ फ्लाइट गर्नेछ । प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले हप्तामा ७ वटा फ्लाइट गर्ने गरी ड्रुक एयरले अनुमति पाएको जानकारी दिए । यस अनुसार एयरले पहिलो उडान सेप्टेम्बर ९ का दिन गर्नेछ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भुटानको ड्रुक एयर पोखरामा व्यावसायिक चार्टड फ्लाइट गर्ने पहिलो अन्तर्राष्ट्रिय एयरलाइन्स बन्ने छ । यसअघि, चीनको सिचुवान एयरलायन्सले जुन २१ मा पोखरामा चार्टड फ्लाइट गरेको थियो ।

## ट्वीट बहस

**Bharat Basnet**
*@BharatB_Nepal*

ललिता निवास प्रकरण, सुन काण्ड र भुटानी शरणार्थी प्रकरण भन्दा सम्पुर्ण नेपालीको लागि धरानमा गोरूकाटेर खाने र त्यसलाई सामाजिक सन्जाल मार्फत सार्बजनिकिकरण गर्रनेकार्य घोर निनदनिय छ।नेपालको कानुन अनुसार ति सम्पुर्ण अपराधी हरूलाई जेल सजाया गर्नु पर्दछ।नेपालमा गृहमन्त्री छ भने सजाय गर ।

**Vishnu Dhakal**
*@VishnuDhakal11*

बासी कुरा मन नपराउने हाम्रो समाजले जतिसुकै गम्भीर घटनापनि बासी भएपछि वास्ता नगर्नुलाईअन्यथा नलिने त होला!भुटानी शरणार्थी काण्ड हुदै सुन,ललिता निवास पनि राजनैतिक रोटी सेक्ने मुद्दा बने,कहिलेकहीँ आगो फुक्छन् थोरै तताउछन्अनि फेरि अर्कालाई कामआउछ भनेर छाड्छनअहिले ताजा जातीय भिडन्त !

**Dr. Sankalpa Shah**
*@ShahSankalpa*

एउटा हद हुन्छ,सिमा हुन्छ,अतिभो सबै ठुला काण्डहरूमा यिनै नेताहरू तथा यिनका सन्तान मुछिएका छन,अहिले निकै चर्चामा आएको सुनकाण्ड त एउटा ज्वलन्त उदाहरण मात्र हो, अब एउटा निकास दिनैपर्छ संविधान संसोधन गरेर भएनि यस्ता अक्षम्य घटनाहरूका दोसीहरूलाई मृत्युदण्डको व्यवस्था हुनुपर्यो ।

**Shiwakoti D**
*@KiranTokyo*

रास्वपा र राप्रपा ले सुन काण्ड र ललिता निवास काण्ड मा गठबंधन सरकार ले गरेका काख र पाखा लाई संसदमा बुलंद गरोस । एकै केसमा कसैलाई हिरासत कसैलाई उन्मुक्ति हुन सकदैन । यो बिसय संसदमा कसले उठाउने? संबिधान र कानून बिरोधीकाम हुदा बिरोध गर्नु प्रतिपक्षको काम हैन ?

**SugatKansakar**
*@SugatKansakar*

ललिता, शरनार्थी र सुन काण्ड सम्बन्धमा जति उत्साहका साथ सत्तापक्ष, विपक्ष र मेडियाले दिनको १८ घन्टा घनीभूत छलफल, बहस, बैठक बसिरहेका छन्, त्यत्ति नै उत्साहका साथ विकास निर्माण उद्योग व्यापार क्षेत्रमा पनि ध्यान दिएको खण्डमा समृद्धिको रफ्तार बढ्ने निश्चित छ ।

**parbati dharel**
*@DharelLama*

शरणार्थीकाण्ड आरजुले रोके,सुनकाण्ड महरा र वर्षामानले रोके,गोरकाण्ड उपेन्द्रले रोके,ललिता निवासकाण्ड बाबुराम र माकुनेले रोके! यी सबैकाण्ड रेशम चौधरीसम्म पुगेर सेलाउछ,हामी नेपाली जनतालाई माछो माछो भ्यागुतो हुनेछ।

अनि प्रचण्ड र काजी भन्दा त माथी उल्लेखनीय नामहरू पो शक्तिशाली रहेछ त

**tikathapamaga**
*@tika_saru*

सुन काण्ड ललिता निवास काण्ड बाट खासमा के कुरोले अनुसन्धान कर्ताहरूलाई सरूवा दिएका रहेछन कारण के होला ? निश्पक्षाता नदेखिएर होकि प्रभावमा नपरेर ? गृहमन्त्री प्रधानमन्त्रीले जनतालाई जनकारी दिनु पर्यो नी ।

विद्युत संसार
तल प्रकाशित गरिएका टेन्डर तथा सुचनाहरु गोरखात्रपत्र दैनिकबाट साभार गरिएको हो ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग

## बुढीगण्डकी जलविद्युत आयोजनाको ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/१२

गण्डकी प्रदेश अन्तर्गत पर्ने गोरखा जिल्लाको चुमनुब्री र धार्चे गाउँपालिका भएर बग्ने बुढीगण्डकी नदीको पानीको उपयोग गरी अर्धजलाशय प्रारूपमा आधारित (Peaking Run off River (PROR) Type) ३४१ मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत आयोजनाको निर्माण गर्न प्रवर्द्धक श्री टाइम्स इनर्जी प्रा. लि. ले विद्युत ऐन २०४९ को दफा ४ तथा विद्युत नियमावली, २०५० को नियम १२ को व्यवस्था बमोजिम विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्त दिएकाले नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ का प्रयोजनको लागि श्री टाइम्स इनर्जी प्रा.लि.बाट प्रेषित आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन तथा वन तथा वातावरण मन्त्रालयमा स्वीकृतीका लागि पेश भएको उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्याकन (EIA) अध्ययन प्रतिवेदन अनुसार आयोजना सम्बन्धि तपशिलका विवरणहरु खोली यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावित बुढीगण्डकी जलविद्युत आयोजना निर्माण तथा संचालन गर्दा आयोजनास्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र विद्युत विकास विभाग वा उक्त कम्पनीको कार्यालय समक्ष आफनो लिखित राय-सुभाव/प्रतिक्रिया पेश गर्न सक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. टाइम्स इनर्जी प्रा.लि. कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७ सालमा स्थापना भएको संस्था हो । यसको मुख्य उद्देश्य विद्युत उत्पादन प्रसारण तथा बिक्री वितरण गर्ने लगायत रहेको छ ।
२. यो कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ ।
देशान्तर: पूर्व ८४° ५५' १५" पू. देखि पश्चिम ८४° ५२' ४०" पू. सम्म
अक्षांश: उत्तर २८° २२' ००" उ. देखि दक्षिण २८° १७' ००" उ. सम्म ।
३. यो दैनिक ५ घण्टाको दरले पिकिङ हुने गरी अर्धजलाशययुक्त (Peaking Run of River) प्रकारको आयोजना हो र जडित क्षमता ३४१ मे. वा. रहनेछ । यसको डिजाइन बहाव Design Discharge १००.२७ घनमिटर प्रति सेकेण्ड र कूल हेड (Gross Head) ३९८ मी. रहनेछ । आयोजनाको वार्षिक सरदर १८३७.१६ गिगावट घण्टा (GWh) विद्युतीय ऊर्जा उत्पादन हुनेछ ।
४. आयोजनको मुख्य संरचनाहरु बुढीगण्डकी नदीको दायाँ किनारामा पर्दछन् । बुढीगण्डकी नदीमा बाँध बाधी खोलाको दायापट्टि निर्माण हुने Intake बाट पानी फर्काई सो पानीलाई आयोजनाको मुख्य संरचानाहरु Settling Basin, Headrace Tunnel, Surge Shaft, Penstock हुँदै भूमिगत विद्युत गृहमा लगिने छ । तत्पश्चात Tailrace Tunnel मार्फत बुढीगण्डकी नदीमा पठाइनेछ ।
५. विद्युत उत्पादनको लागि बुढीगण्डकी नदीको पानी फर्काउन बनाइने बाँधको लम्बाइ ५४ मि. हुनेछ । खोलाको जमिन सतहबाट ३८ मि. अग्लो रहने यस Concrete Gravity with Spillway बाँधको Crest Level बुढीगण्डकी नदीमा समुद्री सतहबाट १३३३ मि. उचाईमा रहने छ । बाँधको कारणले बुढीगण्डकी नदीमा पिकिङ प्रयोजनका लागी जलाशयको निर्माण हुनेछ । जसको फुल सप्लाइ लेभल १३२५ masl को सतहको क्षेत्रफल करिब १,९०,००० वर्गमिटर हुनेछ भने उक्त जलाशयमा करिब १.७६ मिलियन घनमिटर पानी सञ्चय गर्न सकिनेछ । बाँधको ८ मि. चौडाइ र ७ मि. उचाईको १ वटा Under sluice रहनेछ । बाँधको दायाँपट्टि ६ वटा मुख भएको ४ मि. चौडाई र ६ मि. उचाईको Side Intake बनाइने छ, Intake पछि ७.२ मि. चौडाई र ७.२ मि. उचाई भएको ३९० मि. लम्बाइको फिडर टनेल मार्फत १५० मिटर लम्बाई १६.५ मि. चौडाई र २५ मि. उचाई भएको ३ वटा बे सहितको भूमिगत सेटलिन बेसिन (Underground Settling Basin) मा पानी लगिनेछ । त्यहाँबाट ६.५ मि. चौडाई र ६.५ मि. उचाई भएको ६८४२ मि. लामो Modified Horse Shoe आकारको Headrace Tunnel मार्फत २२ मि. आन्तरिक व्यास भएको ६० मिटर अग्लो भूमिगत सर्ज साफ्ट (Surge Shaft) सम्म पानी पठाइने छ ।
६. सर्ज साफ्ट (Surge Shaft) बाट ३२४ मि. लामो र ५ मि. आन्तरिक व्यास भएको ठाडो सुरुङ (Vertical Shaft) तथा ६४१ मि लम्बाई र ५ मि आन्तरिक व्यास भएको तर्सो पेनस्टक सुरुङ (Horizontal Penstock Tunnel) मा जडान गरिने पेनस्टक पाइप मार्फत पानीलाई भूमिगत विद्युत गृहमा पानी पुऱ्याइने छ ।
७. ११०.५ मि. लम्बाई १६.५ मि. चौडाई र ३७ मिटर उचाई भएको भूमिगत विद्युत गृहमा ६ वटा ५७ मे. वा. क्षमताको Vertical Axis Pelton Turbine हरुमा पानी खसाली सो Turbine संग जोडिएको ६ वटा ६६.२४५ एम.भि.ए. को थ्री Phase Synchronous जेनेरेटर मार्फत ३४१ मेगावाट विद्युत उत्पादन गरिनेछ । Turbine को Axis Level समुद्री सतहबाट ९२७ मि. उचाईमा हुनेछ ।
८. विद्युत उत्पादनपछि ५८४ मि. लम्बाई ७ मि. चौडाई र ४.५ मि. उचाई भएको Tailrace Tunnel बाट पानीलाइ पुन बुढिगण्डकी नदिमा पठाइनेछ ।
९. उत्पादित ऊर्जालाई ९७.५ मि. लम्बाई १४ मि. चौडाइ र १८ मि. उचाई हुने गरी विद्युत गृह नजिकै बनाइने भूमिगत ट्रान्सफरमर क्याभर्नमा जडान हुने ११/२२० के. भि. २२.०२ एम.भि.ए. क्षमता भएका १८ वटा १ Phase Power Transformers बाट करिब ४५ किलोमिटर लम्बाइमा रहेका नेपाल विद्युत प्राधिकरणको प्रस्तावित रातमाटे सब-स्टेशनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिने छ ।
१०. प्रस्तावित आयोजनाको बाँध क्षेत्र भन्दा तल्लो तटिय क्षेत्रमा पाइने जीवजन्तु जलचर तथा बोटबिरुवाको लागि स्वीकृत वातावरणीय प्रभाव मुल्याकन (EIA) अध्ययन प्रतिवेदन अनुसार बुढिगण्डकी नदिमा निरन्तर पानी छाड्ने प्रस्ताव गरिएको छ ।
११. यो आयोजनाको मिति २०८५ साल चैतमा विद्युत उत्पादन हुने प्रस्ताव गरिएको छ ।
१२. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भूक्षय, वायु प्रदुषण आदिद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी आयोजनाका स्वीकृत वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन अनुसार गर्न लगाइनेछ ।

यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारिको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

| | |
|---|---|
| श्री टाइम्स इनर्जी प्रा. लि.<br>ज्ञानेश्वर, काठमाण्डौ, नेपाल ।<br>फोन नं +९७७-१-४५४००९०<br>Email: times.energy601@gmail.com | विद्युत विकास विभाग<br>सानोगौचरण, काठमाण्डौ, नेपाल ।<br>फोन नं +९७७-१-४५३४११९, ४५११५३७<br>Fax: +९७७-१-४३५९९०३<br>पो.ब.नं.: २५००७<br>Email: info@doed.gov.np |

## विद्युत नियमन आयोगको सार्वजनिक सुनुवाई गर्नेबारेको सूचना !

### तमोर-मेवा जलविद्युत आयोजना (१२८ मे. वा.) बाट उत्पादन हुने विद्युत खरिद, बिक्री दर निर्धारण गर्ने सम्बन्धमा सरोकारवालाहरूबाट राय, सुझाव तथा प्रतिक्रिया लिइनेबारेको सूचना !

विद्युत नियमन आयोगसमक्ष नेपाल विद्युत प्राधिकरणले स्पार्क हाईड्रोईलेक्ट्रिक कम्पनी लि.द्वारा प्रवर्द्धित तमोर-मेवा जलविद्युत् आयोजना (१२८ मे.वा.) बाट उत्पादन हुने विद्युत्को खरिद, बिक्री दर निर्धारण तथा विद्युत् खरिद सम्झौता सहमतिका लागि पेश गरेको निवेदन उपर छलफल गर्न मिति २०८०/०५/२९ गते शुक्रबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने भएकाले उपभोक्ता, उद्योग, व्यवसायी, स्थानीय बासिन्दा, प्रतिनिधिमूलक संस्थाहरू, सञ्चारमाध्यम तथा सम्पूर्ण सरोकारवालाहरूलाई सो कार्यक्रममा सहभागी हुन आह्वान गरिन्छ । सरोकारवालाहरूले आयोगको कार्यालयमा लिखित रूपमा एवम् आयोगको इमेल ठेगाना (info@erc.gov.np) मार्फत समेत आफ्ना राय, सुझाव तथा प्रतिक्रिया पेश गर्न सक्ने व्यहोरा जानकारी गराइन्छ । यस सम्बन्धमा विस्तृत जानकारी आयोगको आधिकारिक वेबसाईट **erc.gov.np** मा हेर्न सकिनेछ ।

**१. आयोजनाको संक्षिप्त परिचय**

- **आयोजनाको नाम तथा प्रकार** : तमोर-मेवा जलविद्युत् आयोजना, वहावमा आधारित (Run of River) ।
- **प्रवर्द्धक संस्था/ विद्युत् बिक्रीकर्ता** : स्पार्क हाईड्रोईलेक्ट्रिक कम्पनी लि. ।
- **जडित क्षमता** : १२८ मे.वा. ।
- **आयोजनाको उत्पादन अनुमति पत्र संख्या तथा जारी मिति** : वि.वि.वि. ०७७/७८ वि.उ. ३२२, मिति २०७७/०६/२५ ।
- **आयोजना रहने स्थान** : २७°२०'००" देखि २७°२४'०८" उत्तरी देशान्तर ८७°३७'१५" देखि ८७°४०'००" पूर्वी देशान्तर, आठराई-त्रिवेणी गाउँपालिका र फुङलिङ नगरपालिका, ताप्लेजुङ जिल्ला, कोशी प्रदेश, नेपाल ।
- **नेपाल विद्युत प्राधिकरणद्वारा प्रस्तावित आयोजनाबाट उत्पादन हुने विद्युत्को खरिद, बिक्री दर** : RoR जलविद्युत् आयोजनाका लागि नेपाल विद्युत प्राधिकरणको प्रचलित Posted Rate अनुसार वर्षायाममा प्रतियुनिट रु. ४/८० र सुख्खायाममा प्रतियुनिट रु. ८/४० का दरले ।
- **नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित आयोजनाबाट उत्पादन हुने विद्युत्को खरिद, बिक्री दरको मूल्यवृद्धिको दर र पटक** : वार्षिक ३ प्रतिशतका दरले ८ पटकसम्म साधारण मूल्यवृद्धि ।
- **आयोजनाबाट उत्पादन हुने कूल विद्युतीय ऊर्जा** : ७११.४३ गिगावाट घण्टा ।
- **वर्षायाममा उत्पादन हुने विद्युतीय ऊर्जा (Wet Energy)** : ६१,९७,४०,४२३ किलोवाट घण्टा ।
- **सुख्खायाममा उत्पादन हुने विद्युतीय ऊर्जा (Dry Energy)** : ९,१६,९२,८७५ किलोवाट घण्टा ।
- **आयोजनाको अनुमानित लागत** : रु. २,४२३ करोड ।

**२. सुनुवाईमा उपस्थित हुने**

- **आयोगको तर्फबाट** : श्री दिल्ली बहादुर सिंह (अध्यक्ष), श्री भागिरथी भट्टराई ज्ञवाली (सदस्य), श्री गौतम डंगोल (सदस्य), श्री गोकर्ण राज पन्थ (सचिव)
- **नेपाल विद्युत प्राधिकरणको तर्फबाट** : श्री कुलमान घिसिङ (प्रबन्ध निर्देशक), श्री प्रबल अधिकारी (निर्देशक)
- **स्पार्क हाईड्रोईलेक्ट्रिक कम्पनी लि.को तर्फबाट** : श्री भानेन्द्र कुमार लिम्बु (अध्यक्ष), ई. सुदिप कुमार चौधरी (प्रबन्ध सञ्चालक), ई. अर्जुन मरासिनी (प्राविधिक परामर्शदाता), श्री नारायण पौडेल (आर्थिक परामर्शदाता) तथा अन्य पदाधिकारीहरू ।

**३. सार्वजनिक सुनुवाई कार्यक्रम**

- **कार्यक्रमको मिति, समय र स्थान** : मिति २०८०/०५/२९ गते शुक्रबार दिउँसो १२ बजे, विद्युत विकास विभागको सभाहल (पाँचौं तल्ला), सानो गौचरण, काठमाडौं ।
- **सञ्चालन प्रक्रिया** : प्रत्येक वक्ताले बढीमा ५ मिनेटभित्र आफ्नो राय, सुझाव प्रस्तुत गर्नु हुनेछ ।

## नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर

### सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८०।०५।१०)

१. सिम्रौनगढ वितरण केन्द्र

(Email: simraungarh@nea.org.np, फोन नं. ०५३-४११०११)

| S.No. | Tender/SQ No. | Description of Works |
|---|---|---|
| 1 | NEA/SDC-2080/081-SQ-01 | Supply and Delivery of Line Materials. |

For Details, Please visit : **http://www.bolpatra.gov.np.**

# भिजन लुम्बिनीले आइपिओ जारी गर्ने

विद्युत संसार संवाददाता

**कास्की, भदौ ।** कास्की जिल्लाको माछापुच्छे गाउँपालिकामा निर्माणाधीन २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रका स्थानीयवासी र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि कम्पनीको प्राथमिक सेयर (आइपिओ) जारी गर्ने भएको छ ।




सेती नदी जलविद्युत् आयोजनाको प्रवर्द्धक भिजन लुम्बिनीले यही भदौ १९ गतेदेखि आइपिओ जारी गर्नका लागि सार्वजनिक सूचना निकालेको हो । आयोजनाको प्रभावित क्षेत्रका रुपमा रहेका माछापुच्छे गाउँपालिकाको वडा नं १, २, ३, ४ र पोखरा महानगरपालिका वडा नं १९ का स्थानीय बासिन्दाले कम्पनीको आइपिओमा आवेदन दिन सक्नेछन् ।

भिजन लुम्बिनीले आफ्नो जारी पुँजी रू. एक अर्ब ९१ करोड २५ लाखको १० प्रतिशत अर्थात् रू. १९ करोड १२ लाख ५० हजार बराबरको १९ लाख १२ हजार पाँच सय कित्ता सेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा लागि निष्कासन गर्न लागिएको कम्पनीका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताउनुभयो । उहाँका अनुसार सर्व साधारणलाई छुट्याइएको सेयरको १० प्रतिशतले एक लाख ९१ हजार दुई सय ५० कित्ता साधारण सेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपालीका लागि निष्कासन गरिनेछ । कम्पनीका अनुसार आयोजना प्रभावित क्षेत्रका बासिन्दाले अधिकतम्मा तीन लाख ८० हजार कित्ता र वैदेशिक रोजगारीमा रहेका नेपालीले अधिकतम् १९ हजार एक सय २० हजार कित्ता सेयरका लागि आवेदन दिन सक्नेछन् ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका लागि निष्कासन बन्द छिटोमा असोज २ गते र ढिलोमा असोज १७ गते हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीले भने असोज २ गतेभित्र आवेदन दिनुपर्ने बताइएको छ । आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेड छ ।

आयोजना सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ । आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाइन (प्रसारण लाइन) निर्माणतर्फका सबै काम अन्तिम चरणमा पुगेको छ । स्थानीयवासी, स्थानीय सरकार र प्रशासनको सहयोगबाट नै आयोजना तोकिएको समयमा सम्पन्न हुन लागेको अध्यक्ष पोखरेलले बताउनुभयो । पाइपमार्फत लगिएको पानी पावरहाउसमा रहने १२ दशमलव पाँच मेगावाट क्षमताका दुई वटा टर्वाइनमा खसालिने छ ।

## लगानी बोर्डले...

क्रमश पृष्ठ १ बाट....

पेस गर्ने निर्णय गरेको छ । यसका अतिरिक्त, बोर्डको बैठकले रासायनिक मल कारखाना स्थापना सम्बन्धमा अध्ययनका लागि मलेसियास्थित कम्पनीसँग गरिने समझदारीको मस्यौदा स्वीकृत गरेको छ ।

बैठकले दमकस्थित चीन-नेपाल मैत्री औद्योगिक पार्कको सम्बन्धमा विकासकर्तासँग वार्ता गरी परियोजना विकास सम्झौता (पीडीए) को अन्तिम मस्यौदा तयार गर्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा वार्ता समिति गठन गर्ने निर्णय गरेको छ ।

# विद्युत् विधेयक दुई साताभित्र संसद्मा पेस हुने

भीमलाल श्रेष्ठ

**काठमाडौं, भदौ ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले विद्युत् क्षेत्रको प्रगतिका लागि प्रतीक्षित विद्युत् विधेयक दुई साताभित्र संसद्मा पेस हुने बताउनुभएको छ । बिहीबार मन्त्रालयमा भएको पत्रकारसँगको संवादमा मन्त्री बस्नेतले यस्तो बताउनु भएको हो ।

प्रसारण लाइन तथा जलविद्युत् आयोजनाका सन्दर्भमा समस्यापूर्ण मानिँदै आएको वन ऐनको संशोधन प्रस्ताव झनै खराब आएको पाइएको भन्दै मन्त्री बस्नेतले सो ऐनलाई प्रतिगामी बन्न नदिइने जानकारी दिनुभयो । राष्ट्रिय विकास समस्या समाधान समितिको निर्देशन र राष्ट्रिय आवश्यकता हेरेर वनलाई विकासको बाधाका रूपमा सो संशोधन आएको भन्ने आलोचना भइरहेको छ," उहाँले भन्नुभयो, "सम्मानित सदनमा छलफल हुन बाँकी नै छ, संशोधन हुन्छ, यही रूपमा आउँदैन ।"



मन्त्री बस्नेतले विद्युत् क्षेत्रको दिगो विकासका लागि सन् २०३५ को लक्ष्य राखेर दीर्घकालीन योजना तय गर्न लागिएको बताउनुभएको छ । उहाँले ऊर्जा क्षेत्रका समस्या समाधानका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य निर्धारण गर्ने र सोही अनुसार बजेट पञ्चवर्षीय तथा अन्य योजना कार्यक्रम निर्देशित हुने उहाँको भनाइ थियो । सुख्खायामको समेत विद्युत् माग आन्तरिक उत्पादनबाटै व्यवस्थापन हुने गरी उत्पादन, प्रसारण, वितरण तथा विद्युत् व्यापारको क्षेत्रमा समेत सुधार गर्ने गरी मन्त्रालयले कार्ययोजना बनाउन लागेको पनि उहाँको भनाइ थियो । विद्युत् वितरणमा प्रसारण लाइन निर्माण समयमै सम्पन्न हुन नसक्दा समस्या आएको भन्दै कतिपय रणनीतिक महत्वका प्रसारण लाइन अन्तिम चरणमा पुगेको र त्यसले विद्युत् आपूर्ति प्रणालीलाई सहज बनाउने उहाँले दाबी गर्नुभयो । मन्त्री बस्नेतले आर्थिक वृद्धिदर ७.२ को आधार मानेर सन् २०३५ सम्म पुग्दा देशभित्र नै १३ हजार मेगावाट विद्युत् खपत हुने प्रक्षेपण रहेको बताउँदै मन्त्री बस्नेतले यही लक्ष्यका आधारमा कार्ययोजना बन्ने उल्लेख गर्नुभयो ।




# ऊर्जा क्षेत्रमा भएको लगानीको सुरक्षाको ग्यारेन्टी सरकारले गर्छ : गृहमन्त्री श्रेष्ठ

विद्युत संसार संवाददाता

**काठमाडौं भदौ, ।** गृहमन्त्री नारायणकाजी श्रेष्ठले ऊर्जा क्षेत्रमा भएको लगानीको सुरक्षा सरकारले गर्ने बताउनुभएको छ ।

सोमबार स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का पदाधिकारीहरूसँगको भेटमा मन्त्री श्रेष्ठले सरकारको पहिलो लक्ष्य सुशासनको प्रत्याभूति दिलाउने र सबै तह र तप्काका नागरिकको सुरक्षा गर्ने भन्दै उहाँले ऊर्जा क्षेत्रमा भएको १३ खर्ब लगानीको सुरक्षाको ग्यारेन्टी सरकारले गर्ने बताउनुभएको हो । इप्पानले सुशासनको अभियान सुरु गरेकोमा उहाँले धन्यावद समेत दिनुभयो ।



छलफलका क्रममा इप्पानका अध्यक्ष गणेश कार्कीले अहिले ऊर्जाका परियोजना निर्माण गर्दा स्थानीयको अवरोधले काम गर्ने वातावरण नबनेको भन्दै परियोजना स्थलमा सुरक्षा पोस्ट राखिदिन आग्रह गर्नुभयो । साथै उहाँले बिस्फोटक पदार्थको सहज आपूर्तिका लागि पनि गृह मन्त्रालयबाट आवश्यक सहजिकरण गरिदिन आग्रह गर्नुभएको थियो ।

यस्तै सोमबार नै इप्पान र बीमा प्राधिकरणबीच पनि भेटवार्ता भएको छ । उक्त भेटमा बीमा प्राधिकरणका अध्यक्ष सुर्य प्रसाद सिलवालले इप्पानका सुझाव समेटेर बीमाका नीति, नियम र निर्देशिकाहरू जारी गर्ने बताउनुभयो । पछिल्लो समय बीमा प्राधिकरणले निर्जीवन बीमा कम्पनीहरूको लागि जारी गरिएको न्युनतम प्रिमियम सम्बन्धी निर्देशिका २०७८ जारी गर्दै एकतर्फी रूपमा ६०० गुणासम्म प्रिमियम बढाएपछि इप्पानले उक्त निर्देशिका खारेजीको माग गर्दै आएको छ । उक्त निर्देशिका पूर्णरूपमा कार्यान्वयन नहुँदै फेरि पनि प्रिमियम बढाउन खोजेपछि इप्पानले गत असार ७ गते बीमा प्राधिकरणलाई ध्यानाकर्षण पत्र लेखेर खबरदारी गरेको थियो ।




## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

- विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहादा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक:** अभि मिडिया प्रोडक्सन प्रा. लि, **प्रधान सम्पादक:** रामप्रसाद पौडेल, **सम्पादक:** भीमलाल श्रेष्ठ, **व्यवस्थापक:** मनोहर श्रेष्ठ, **डिजाइन:** शिखर श्रेष्ठ, **मुद्रण** : हाईडल प्रेस प्रा.लि.काठमाण्डौ
**कार्यालय:** सुन्धारा-११ चाइनाटाउन, काठमाडौं/**फोन** : ०१-५३४४८१४, **इमेल:** abhimedia111@gmail.com/bidhutsansar@gmail.com/**वेभ:** www.bidhutsansar.com